# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, माघ २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ४२

## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/१०/२४ को निर्णयानुसार मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची २ मा गरिएको हेरफेर सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूची - २ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

(क) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी सम्बन्धी तालिकाको क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राखी सो भन्दा पछि देहायको क्रमसंख्या ४ थप गरी बाँकी क्रमसंख्या मिलाइएको छ ।

| क्र.सं. | सचिवालयमा रहने कर्मचारीहरुको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | अर्थ विज्ञ | जना | १ | - | - | - |
| २ | सूचना प्रविधि विज्ञ | जना | १ | - | - | - |

(ख) द्रष्टव्यको क्रम संख्या ३ मा रहेका "जनसम्पर्क सल्लाहकार र क्रमसंख्या ३ को वित्त सल्लाहकारको" भन्ने शब्दहरुको सट्टा "जनसम्पर्क सल्लाहकारको" भन्ने शब्दहरु राख्ने।

(ग) द्रष्टव्यको क्रमसंख्या ३ पछि देहायको क्रमसंख्या ४ थप गर्ने।
"४. क्रमसंख्या ३ को अर्थ विज्ञ र क्रमसंख्या ४ को सूचना प्रविधि विज्ञको सेवा सुविधा प्रदेश सरकारको एघारौं तहको कर्मचारी सरह हुनेछ।"

**आज्ञाले,**
**राजेन्द्र थापा**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय